**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्रको सल्लीबजार, देवस्थल बजार लगायतका क्षेत्रबाट संकलन हुने फोहोरमैला व्यवस्थापनको लागि यस न.पा. वडा नं. १ अन्तर्गत माल्पे जाने सडक नजिक उत्तरतिरको जंगल छनौट गरि फोहोर व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका र मातहतका सबै वडा कार्यालयहरुको निःशुल्क जग्गा प्राप्त गर्नको लागि पहल गरी जग्गा प्राप्त भएपछि मापदण्डका आधारमा वडा कार्यालयहरुको भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने र नगरपालिकाको हकमा जग्गा दाता हरुबाट प्राप्त भएको जग्गा नगरपालिकाको नाममा तत्काल पास गर्न पहल गर्ने थप जग्गा दाताहरु बाट जग्गा प्राप्तिको लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतको वडा नं. १२ मा शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै उक्त स्थानमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रहरी कार्यालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरक्षेत्र भित्रका सार्वजनिक स्थान जस्तै सल्लीबजार, देवस्थल बजार, बालुवा संग्रही, अम्रा, रैकर आदि क्षेत्रमा बिजुली बत्तीको व्यवस्थाको लागि विद्युत प्राधिकरण लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा साबिकका गाउँ विकास समिति बाट नियुक्ति पाई अस्थायी र करार सेवामा कामकाज गर्दै आइरहेका प्राविधिक, स.ले.पा र कार्यालय सहयोगी कर्मचारी हरुलाई कार्यालय बाट करार सम्झौता गरि नियमानुसार तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा अस्थायी र करार सेवामा कार्यरत अ.न.मी, अ.हे.व र कार्यालय सहयोगी कर्मचारीहरुलाई बजेटको सिमा भित्र रहि कार्यालयबाट करार सम्झौता गरी करार सम्झौतामा उल्लेख भए अनुसारका सेवा र शर्तको अधिनमा रहि पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।